**Sanjen Jalavidhyut Company Limited**
**Kapanmarga, Kathmandu**
**Unaudited Statement of Financial Position**
**As on 31th Aashad 2080 (Corresponding to 16th July 2023)**

('000')

| Particulars | This Quarter Ending 2080.03.31 (16.03.2023) | Previous Quarter Ending 2079.12.30 (13.04.2023) | Corresponding Previous Year Quarter Ending 2079.03.32 (16.07.2022) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property Plant and Equipment | 1,297 | 2,766 | 656 |
| Project Capital Work in Progress | 11,565,180 | 10,911,920 | 9,762,370 |
| Term Deposit | - | - | - |
| **Current Assets** | | | |
| Inventory | 28,945 | 21,404 | 11,185 |
| Advances to Contractors and Consultants | 81,520 | 99,816 | 51,653 |
| Deposits and Margin | 2,588 | 5,292 | 6,965 |
| Prepayments | 210 | 210 | 201 |
| Current Tax Assets | 13,934 | 13,383 | 12,217 |
| Term Deposits with Banks | 270 | 50,270 | 270 |
| Other Advances | 26,217 | 19,689 | 10,962 |
| Bank Balances Call and Current | 8,679 | 92,589 | 114,497 |
| **TOTAL ASSETS** | **11,728,840** | **11,217,339** | **9,970,976** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Paid Up Share Capital | 3,650,000 | 3,650,000 | 3,285,000 |
| Reserves | (236,357) | (232,851) | (213,000) |
| **Liabilities** | - | - | - |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings (EPF Long-term) | 7,680,461 | 7,296,863 | 6,504,298 |
| Deposit / Retention/Others | 245,633 | 244,672 | 271,454 |
| **Current Liabilities** | - | - | - |
| Loans and Borrowings (Short-Term) | 240,000 | 192,559 | - |
| Provisions | 10,576 | 7,194 | 7,281 |
| Other Liabilities and Payables | 138,527 | 58,901 | 115,943 |
| **TOTAL EQUITY AND LIABILITIES** | **11,728,840** | **11,217,339** | **9,970,976** |

सान्जेन जलविद्युत कम्पनी
स्थापित २०६६
SANJEN JALAVIDHYUT CO. LTD.
ESTD 2010

## Sanjen Jalavidhyut Company Limited

## Unaudited Statement of Profit or Loss

## 1st Shrawan to 31th Ashad 2080 (Corresponding to 16th July 2023)

*('000')*

| Particulars | This Quarter Ending 2079.080 Up to Ashad (2022/023) | Previous Quarter Ending 2079.80 Up to Chaitra (2022/023) | Corresponding Previous year 2078/079 Up to Ashad (2021/22) |
|---|---|---|---|
| **Revenue** | | | 5 |
| Revenue from Contracts with Customers | | | |
| Finance income | 11,443 | 7,769 | - |
| Other income | 1,070 | 328 | 830 |
| **Operation and Maintenance – Corporate** | | | |
| Employee Benefits | | | |
| Depreciation and Amortization | | | |
| Operating and Administrative Expenses | (18,055) | (13,081) | (15,007) |
| Impairments and Write-Offs | (5,126) | (3,590) | (554) |
| Exchange Gain / (loss) | (14,165) | (12,469) | (17,998) |
| | 4,330 | 3,311 | (7,154) |
| Profit Before Tax | (20,503) | (17,732) | (39,878) |
| Income Taxes | | | |
| Net Profit | (20,503) | (17,732) | (39,878) |

अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०७९।८० को चौथो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क)त्रैमासिक अवधिको सँक्षिप्त वासलात र नाफा (नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरू:

सामान्य ब्याज आम्दानी बाहेक अन्य आम्दानी नभएकोले प्रतिशेयर आम्दानी नकारात्मक रहेको ।

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु -०.५६, प्रतिशेयर नेटवर्थ रु ९३.५२ र प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३२१.३४ रहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण:

(क)यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको आमाछोदीङ्गमो गाउँपालिकाको चिर्लिमे र गोल्जुङ गा.वि.स. मा विकास गरिएको १४.८ मे.वा. क्षमताको सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट विद्युत उत्पादन भै नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालीमा जोडिसकिएको छ ।

सान्जेन जलविद्युत आयोजनाको सिभिल निर्माणकार्य करिब ९५.६ प्रतिशत , इलेक्ट्रोमेकानिकल कार्य करिब ८३.१ प्रतिशत र समग्रमा ९३.१६ प्रतिशत प्रगति रहेको छ । आयोजनाहरू निर्माणको चरणमा रहेको हुँदा बिक्री आम्दानी नरहेको व्यहोरा जानकारी गराइन्छ ।

दिर्घकालीन ऋणपुँजी कर्मचारी सञ्चय कोषबाट लगानी भईरहेको छ । उक्त कर्जाको वार्षिक ब्याज दर १०.५० प्रतिशत रहेको छ । दिर्घकालिन कर्जाको ब्याज प्रत्येक तीन तीन महिनामा पूँजीकरण गर्ने गरिएको छ । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म ब्याज पूँजीकरण हुँदै जाने छ । कर्मचारी सञ्चय कोषसँग पूरक ऋण सम्झौता हुन केही समय लाग्ने देखिएकोले श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. २८ करोड अल्पकालिन सापटी स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकान अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।

हालसम्मको अवस्था र कार्यप्रगतिको आधारमा कम्पनी अन्तर्गतका निर्माणाधिन जलविद्युत आयोजना मध्ये सान्जेन जलविद्युत आयोजना आगामी २०८० मंसीर मसान्तसम्ममा सम्पन्न भई सञ्चालनमा आउने अनुमान रहेको छ ।

विगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भूकम्प, बाढीपहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ कोभिड-१९, लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुने मिति लम्बिदै गएको छ ।

सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को सबै उपकरण निर्माणस्थलमा आपूर्ति भै जडान कार्य द्रुत गतिमा भइरहेको छ ।

उल्लेखित जलविद्युत आयोजनाबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार युनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिका खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको ब्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने ब्याज तथा साँवा भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । निर्माणमा रहेका आयोजना अन्तिम चरणमा रहेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइएको छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (कावु बाहिर) को असर भने सधैं रहिरहने ।

(ग) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको ब्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्ब २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्ब २१ करोड ८० लाख गरी कुल रु. ७ अर्ब २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको ब्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन, जस्ता कारणबाट अयोजना लागत पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

(घ) यस त्रैमासिकको समिक्षा अवधिमा कम्पनीको जिन्सी मौज्दात शिर्षकमा वृद्धि भएको छ । सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति आपूर्ति गर्ने प्रयोजनका लागि निर्माणाधिन वैकल्पिक ११ के.भि.ए.डवल सर्किट लाइनका लागि ने.वि.प्रा. बाट आपूर्ति गरिएका विद्युतका पोलहरुलाई मौज्दातमा राखिएकोले यस शिर्षकमा अघिल्लो त्रैमासिकको रकम भन्दा उल्लेख्य रुपले वृद्धि हुन गएको देखिएको छ ।

(ङ) अन्य दायित्व अन्तंगत आ.व. को अन्त्यमा ठेकेदारलाइ भुक्तानी गर्नुपर्ने भनी एकिन भएका रकम समावेश भएकोले अघिल्लो त्रैमासिकको तुलनामा वृद्धि हुन गएको छ ।

३.कानुनी कारवाही सम्वन्धी विवरण :

यस सम्वन्धमा कुनै कैफियत नभएको ।

४.संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको बजार मूल्यमा असाधारण तरिकाले थप / घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोवार सामान्य प्रकृतिवाटै भईरहेको छ ।

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६६ SANJEN JALAVIDYUT CO. LTD. ESTD 2010

(ख) त्रैमासिक अवधिको सेयर कारोबार सम्बन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

| सेयरको अधिकतम् मूल्य (रू.) | सेयरको न्यूनतम् मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ३५०/- | २५८/१० | ३०८/- | ६२ | ८९४२ |

५.समस्या र चुनौती :

सान्जेन तथा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनावाट उत्पादित विद्युत शक्तिलाइ नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालिमा जोडि व्यवसायीक रुपमा विद्युत विक्री गर्नु कम्पनीको लागि मुख्य चुनौति देखिएको छ ।

६.संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिवाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुटै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थावाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७.प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६६
SANJEN JALAVIDHYUT CO. LTD. ESTD 2010